सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले

‘बालबालिकासँग प्रधानमन्त्री’ कार्यक्रममा दिनुभएको मन्तव्य

१६ पुस २०७६



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले

‘बालबालिकासँग प्रधानमन्त्री’ कार्यक्रममा दिनुभएको मन्तव्य

१६ पुस २०७६

नेपाल स्काउट
NEPAL SCOUTS
समृद्ध नेपाल

नयाँ वर्ष-
नयाँ पाईला
बालबालिकासँग
प्रधानमन्त्री
सुखी ने

विकास सामाजिक न्याय र समानतासहित सबै सुखी हुने भनेर मैले सङ्कल्प लिएको छु– समृद्ध नेपाल, सुखी नेपाली। यो मानव जातिको आकांक्षा र हाम्रो देशको आकांक्षा दुबै हो। मैले प्रधानमन्त्री हुन्छु भनेर होइन, अहिले पनि म प्रधानमन्त्रीमा टिक्छु वा टिक्नुपर्छ भनेर होइन, देश बन्नु पर्छ र देश बनाउनु पर्छ भनेर काम गरिरहेको छु।



१ प्रधानमन्त्रीज्यू, तपाईंले आफ्नो बाल्यकालमा ठूलो भएपछि के बन्छु भन्ने सोच्नुभएको थियो? अहिले प्रधानमन्त्री हुनुहुन्छ, त्यसबेला प्रधानमन्त्री बन्छु भन्ने सपना देख्नुभएको थियो कि थिएन?

– कहिले कहिले बाबु आमाले अथवा कहिले कहिले परिघटनाले आफैँ म यो बन्छु, त्यो बन्छु भनेका हुन्छन्। त्यो उनीहरूले धेरै सिरियस्ली भनेका हुँदैनन्। तर 'म त्यतिबेला अहिलेभन्दा ६८ वर्ष अगाडि एउटा एकदमै दुर्गम गाउँमा जन्मिएँ, त्यहाँ कुनै राजमार्ग

थिएनन्। कुनै विकास, यस्तो केही थिएन। दुर्गम पहाडी गाउँमा त झन् ती सम्भावनाहरू पनि थिएनन्। भर्खरै राणा शासन ढलेको थियो।

गाउँको एउटा साधारण किसान परिवारको बालकले म देशको प्रधानमन्त्री हुन्छु भनेर सपना देख्नु र परिकल्पना गर्नु पनि सम्भव कुरा थिएन। यो त मेरो बाल्यकालको कुरा भयो।

मैले बाल्यकालमा भेटेका मान्छेहरूमध्ये मेरा गुरुहरू सबैभन्दा ठूला मान्छे थिए, जानकार मान्छे थिए र मलाई पनि गुरुहरूजस्तै पढेलेखेको एउटा 'मास्टर' बन्ने इच्छा थियो। अलिक पछाडि मैले मेरा गुरुहरूभन्दा अलिक विद्वान गुरुहरू भेट्न थालेपछि मलाई अलिक विद्वान मान्छे हुने र बन्ने रहर लाग्यो। हुँदै जाँदा मैले समाजमा अनुचित कुराहरू देखेँ, बेठीक कुराहरू देखेँ। ती बेठीक कुराहरू आफैँ त ठीक ठाउँमा आउँदैनथे। तिनीहरूलाई ठीकमा फर्काउन हामीले संघर्ष गर्नुपर्ने रहेछ, आवाज उठाउनु पर्ने रहेछ, जनतामा सचेतना ल्याउनुपर्ने रहेछ भन्ने क्रमशः थाहा भयो। सचेतनामा आबद्ध जनतालाई संगठित स्वरूप दिनुपर्ने रहेछ र तिनलाई परिवर्तनका लागि आन्दोलनमा लैजानुपर्ने रहेछ भन्ने थाहा पाइयो। त्यसपछि म त्यसै काममा लागेँ। निरङ्कुशतन्त्र र तानाशाही व्यवस्था भएको बेलामा त्यसका विरुद्ध लड्दा

प्रधानमन्त्री हुन्छु भन्ने सोंच थिएन र हुँदैन नै। मर्नु परे मर्छु, जे बेहोर्नु परे बेहोर्छु, जेल जान परे जान्छु, तर देशमा सामाजिक न्याय, समानताको लागि जनतालाई अधिकारसम्पन्न गराउन यी उपलब्धिहरू हासिल गर्छु, लोकतन्त्र ल्याउँछु भन्ने कुरा सोंचेर लड्नु पर्‍यो। त्यतिखेरका हाम्रा उद्देश्यहरू वैयक्तिक हुँदैनथे। र, मेरा उद्देश्यहरू पनि वैयक्तिक थिएनन्।

मेरा उद्देश्यहरू, देशमा परिवर्तन ल्याउने, सकारात्मक परिवर्तन ल्याउने, लोकतन्त्र ल्याउने, निरंकुशतन्त्र ढाल्ने यस्तैयस्तै थिए। त्यसनिम्ति दुखकष्ट बेहोर्नु परे बेहोर्ने, जीवन दिनुपरे दिने- यस्तो धारणा राखिएको हुन्थ्यो। प्रधानमन्त्री बन्ने भन्ने त कल्पना नै थिएन।

त्यसै हिसाबले काममा लाग्दा, जेलमा भएका बेला अहिले मार्छ कि भरे मार्छ, अहिले मर्छु कि भरे मर्छुजस्तो स्थिति र अवस्थामा प्रधानमन्त्री हुन्छु भन्ने विपरित सपना देख्नु भनेको मूर्खतापूर्ण कुरा हुन्थ्यो। त्यतिबेला पनि यो खालको सपना देखिदैनथ्यो। व्यवस्था परिवर्तन भएपछि पनि मेरो ध्यान यस्तो हुन्छु होला, त्यस्तो हुन्छु होला भन्नेतिर थिएन। हामीले व्यवस्था परिवर्तन गर्दै जान सक्यौं। व्यवस्था परिवर्तन भएपछि देशमा कसरी सुशासन ल्याउने, देशलाई विकासको बाटोमा कसरी अगाडि लैजाने, आधुनिक नेपाल कसरी बनाउने, विकसित नेपाल कसरी बनाउने,

नेपालीहरू कोही भोकानाङ्गा नहोऊन् र नेपाल एउटा सुन्दर देश होस् भन्ने अवस्था कसरी बनाउने ? त्यसमा नै मेरो ध्यान गएको थियो। तर काम गर्दै आउँदा सांसद, मन्त्री, उपप्रधानमन्त्री र प्रधानमन्त्री भएर देश चलाउनु पर्‍यो। मैले जुन ठाउँमा जहिले आफूले जिम्मेवारी लिएको छु, अथवा परिस्थितिले जुन जिम्मेवारी मेरो काँधमा पाएको छु, त्यसमा म इमान्दार भएर भूमिका निर्वाह गरेको छु। पहिले आन्दोलनमा लाग्दा म इमान्दारीका साथ लागेँ। जेलमा बस्दा पनि म देश र जनताका हितप्रति निष्ठाका साथ लागेँ। र, त्यसभन्दा पछि मन्त्री, उपप्रधानमन्त्री र प्रधानमन्त्री हुँदा पनि म पहिलेदेखि नै योजना बनाएर होइन, परिस्थितिले गर्दा बनेको हुँ। प्रधानमन्त्री भएपछि मैले देश बनाउने मौका पाएको छु। त्यसकारण देशभित्र रहेका विकृति हटाउने, पछौटेपन हटाउने र देशलाई एउटा स्वच्छ, समृद्ध, आधुनिक, सभ्य र हाम्रा पूर्खाहरूले उतिबेलादेखि कल्पना गरेका सबै सुखी होऊन् अर्थात् सर्वेः भवन्तु सुखिनः भन्ने सोचेर नै काममा लागेँ। त्यसैकारण विकास, सामाजिक न्याय र समानतासहित सबै सुखी हुने भनेर मैले सङ्कल्प लिएको छु- समृद्ध नेपाल, सुखी नेपाली। यो मानव जातिको आकांक्षा र हाम्रो देशको आकांक्षा दुबै हो। पहिले म प्रधानमन्त्री हुन्छु भनेर होइन, अहिले पनि म प्रधानमन्त्रीमा टिक्छु वा टिक्नुपर्छ भनेर होइन, देश बन्नु पर्छ र देश बनाउनु पर्छ भनेर काम गरिरहेको छु।

जुनसुकै उद्देश्य राखिसकेपछि त्यही उद्देश्यतिर फर्किएर, त्यही उद्देश्यतर्फको यात्रामा इमानदारीका साथ लागिपर्नु पर्छ र मेहनतपूर्वक कोशिस गर्नुपर्छ। त्यसो भयो भने मात्रै त्यस उद्देश्यमा पुग्न सकिन्छ। हाम्रा युवाहरूले प्रधानमन्त्री हुन्छु, मन्त्री हुन्छु, म्यानेजर हुन्छु, वैज्ञानिक हुन्छु अथवा डाक्टर हुन्छु, ... र खेलाडी हुन्छु भनेर इच्छा राख्न सक्नुहुन्छ। तर त्यस बाटोमा इमान्दारका साथ प्रयास गर्नुपर्छ।



१ हरेक युवाहरूका इच्छा अनेक हुन्छन्। हामीजस्ता युवाहरू कोही प्रधानमन्त्री बन्न खोज्छन् भनें उनीहरूलाई हजुर कस्तो सुझाव दिन चाहनुहुन्छ?

– आज परिस्थिति बदलिएको छ। आज जनता सार्वभौमसत्तासम्पन्न भएका छन्। म तपाईंहरूजस्तो एउटा युवा अवस्थामा प्रवेश गर्दै गरेको अथवा नवयुवक हुँदा देशको अवस्था यस्तो थिएन। जनता

सार्वभौमसत्तासम्पन्न थिएनन्। त्यस्तो अवस्थामा परिस्थिति बेग्लै थियो। आजचाहिँ त्यसभन्दा भिन्न परिस्थिति भइसकेकाले युवाहरूले म प्रधानमन्त्री हुन्छु भन्ने सोच्न सक्छन्। आफ्ना इच्छाहरूअन्तर्गत कसैले डाक्टर बन्छु र कसैले इन्जिनियर बन्छु भन्ने इच्छा राख्न सक्छन्। मेरो समयमा, मेरो गाउँमा त डाक्टर, इन्जिनियर बन्छु भन्ने अवस्था थिएन। किनभने न डाक्टरको पढाइ हुन्थ्यो, न इन्जिनियरको पढाइ हुन्थ्यो। भर्खर भर्खर मात्रै स्कूलहरू खुल्न थालेका थिए। त्यसो भएर अवस्था निकै भिन्न थियो। अहिलेको अवस्था भिन्न छ। युवाहरूले उद्देश्य लिनुपर्छ, तर कोरा ढङ्गले उद्देश्य लिने होइन, महान उद्देश्य लिनुपर्छ। लक्ष्मीप्रसाद देवकोटाले भन्नु भएजस्तो- उद्देश्य के लिनु उडी छुनु चन्द्र एक! यस्तो उद्देश्य लिनुपर्दछ। चन्द्रमा छुनेसम्मका उद्देश्यहरू लिनुपर्दछ। तर, ती उद्देश्य लिनका निम्ति के गर्नुपर्छ भन्दा कुनै पनि सफलता हासिल गर्नका पछाडि इमान्दार प्रयास गर्नु आवश्यक हुन्छ। राम्रो विद्यार्थी हुनु छ र सफल हुनुछ भने राम्ररी पढ्नु पर्छ। राम्रो खेलाडी हुनु छ भने राम्ररी खेल्नु पर्छ, इमानदारीका साथ खेल्नु पर्छ। राम्रो आर्टिस्ट हुनुछ भने इमानदारीताका साथ आर्ट गर्नुपर्दछ। एउटा गायक हुनुछ भने राम्रो अभ्यास गर्नुपर्छ, रियाज गर्नुपर्छ, तालिम गर्नुपर्छ र इमान्दारीका साथ अभ्यास गर्नुपर्छ। पढ्ने बेलामा पढाइप्रति

इमान देखाइएन भने, छलछाम गरियो भने, गम्भीर भइएन भने राम्रो परिणाम आउँदैन। लक्ष्य एकातिर काम अर्कोतिर भयो भने, लक्ष्यचाहिं हिमालको चुचुरोमा पुग्नेखालको राख्ने, तर बाटोचाहिँ ओरालोतिर लाग्यो भने त चुचुरोमा पुगिंदैन।

म हाम्रा युवाहरूलाई के भन्न चाहन्छु भने, उद्देश्य जे राखिन्छ ठूलो उद्देश्य राख्नु पर्छ। तर उद्देश्य राखिसकेपछि त्यही उद्देश्यतिर फर्किएर, त्यही उद्देश्यतर्फको यात्रामा इमानदारीका साथ लागिपर्नु पर्छ र मेहनतपूर्वक कोशिस गर्नुपर्छ। त्यसो भयो भने मात्रै त्यस उद्देश्यमा पुग्न सकिन्छ। हाम्रा युवाहरूले प्रधानमन्त्री हुन्छु, मन्त्री हुन्छु, म्यानेजर हुन्छु, वैज्ञानिक हुन्छु अथवा डाक्टर हुन्छु, इन्जिनियर हुन्छु, ठूलो साहित्यकार हुन्छु, कथाकार हुन्छु, गायक हुन्छु र खेलाडी हुन्छु भनेर इच्छा राख्न सक्नुहुन्छ। तर त्यस बाटोमा इमान्दारीका साथ प्रयास गर्नुपर्छ। इमानदारी भएन भने, किताब पल्टाएको छ, आमा आउनुभयो भने यसो पढेजस्तो गऱ्यो, आमा जानुभयो भने फेरि बन्द गरिदियो! त्यसो गऱ्यो भने पढाइ राम्रो हुँदैन।

मुख्य कुरा मैले सदैव भन्ने गर्छु– इमानदारी सफलताको कसी हो। सफलताको रहस्य नै इमानदारी हो। इमानदार प्रयास

गऱ्यो भने प्राप्त गर्न नसकिने केही पनि हुँदैन। मुख्य कुरा युवा अवस्थामा नै योग्यताले आकार लिइसक्नु पर्छ। तपाईंले पछिसम्म पनि जहाँजहाँ सर्टिफिकेट देखाउनु पर्छ, एसइइको सर्टिफिकेट देखाउनु पर्छ, कक्षा १२ को सर्टिफिकेट देखाउनु पर्छ र ब्याचलरको सर्टिफिकेट देखाउनु पर्छ। त्यसबेला म त भर्खर मात्रै युवा हुँदै थिएँ, म १७-१८ वर्षको मात्रै थिएँ भनेर पछि त्यो सर्टिफिकेट आफैं राम्रो हुँदैन। मैले भनेको के हो भने त्यतिबेलाको समय नै हामीले समाउन सक्नु पर्छ। हामी के गर्छौं ? त्यो धेरै महत्वपूर्ण कुरा हुन्छ। र, खास आकार लिने भनेको युवा अवस्थामा नै हो। यदि ठूलाठूला कामहरू गर्नुछ भने ठूलाठूला काम गर्नेहरूले त्यो काम युवा अवस्थामै गरेका हुन्छन्। बुढेसकालमा सगरमाथा चढ्न सकिंदैन। बुढेसकालमा पहाड चढ्न पनि सकिंदैन। युवा अवस्थामा नै चढ्नु पर्छ। यो सगरमाथा, पहाड चढ्ने कुरामा मात्रै लागू हुँदैन, अरु कुराहरूमा पनि लागू हुन्छ। तागतको कुरामा मात्र होइन, साहसको कुरामा पनि लागू हुन्छ। बुढेसकालमा अलिकति कम्प्रोमाइजिङ टेन्डेन्सी बढ्छ। मान्छेहरूमा शिथिलता बढ्छ, त्यस पवृत्तिका अनेक पक्षहरू हुन्छन्। युवाहरूमा कम्प्रोमाइजिङ् टेन्डेन्सी अलिक कम हुन्छ। यसको अर्थ अनुचित कुरासँग कम्परमाइज गर्ने प्रवृत्ति कम हुन्छ। अयथार्थ र अनुचित कुरासँग कम्प्रोमाइज गर्नेभन्दा अनुचितलाई उचितमा परिणत गर्ने प्रवृत्ति बढ्ता हुन्छ। यसको

अर्थ जस्तोसुकै पनि संघर्ष गर्ने भनेको होइन, उचित कार्य र तरिकाका लागि कोशिस त गर्नुपर्छ।

हामीले हेर्‍यौं भने अलेकजेन्डर ग्रेटले ३०/३५ वर्षमै दुनियाँ हल्लाए। मोतिराम भट्टको ३१ वर्षको उमेरमा मृत्यु भएको थियो। जसलाई हामी ठूलाठूला मान्छेहरू भन्छौं, उनीहरूले ठोस कामहरू प्रायः युवा अवस्थामै गरेका छन् अथवा युवा अवस्थामा जुन बाटो बनाएका छन्, पछि त्यसैको आधार र जगमा तिनीहरू माथि उठेका छन्। दुनियाँ हल्लाउने दार्शनिकहरू मार्क्स-एंगेल्सले कम्युनिष्ट घोषणापत्र भन्ने जुन किताब लेखे, त्यतिबेला एकजना २७ वर्ष र एकजना २९ वर्षका थिए। त्यस उमेरमा लेखेको किताबले अहिलेसम्म दुनियाँका अनेक ठूलाठूला विद्वानहरूका मस्तिष्कहरू हल्लाएको छ, समाज हल्लाएको छ र समाज परिवर्तन गरेको छ।

अहिलेको समाज त्यही पुस्तकको पक्ष-विपक्षका चिन्तनमन्थनमा अल्झेको छ र त्यसैको पछाडि लतारिएको छ। त्यस्तो काम २७ र २९ वर्षका युवाहरूले गरेका थिए। थुप्रै मानिसले युवा उमेरमा नै उल्लेखनीय काम गरेका हुन्छन्।

समय सबैभन्दा महत्वपूर्ण छ र समय खेर फाल्नु हुँदैन। समयलाई सदुपयोग गर्नुपर्छ। हेर्दाहेर्दै समय घर्किसकेको हुन्छ। त्यसकारण समयलाई घर्किन दिनेभन्दा पहिले नै हामीले त्यसको सदुपयोग गऱ्यौं भने जुन कुनै गन्तव्यमा पनि पुग्न सकिन्छ, लक्ष्य प्राप्त गर्न सकिन्छ। मैले आफ्नो जिन्दगीमा आफैले भोगेको निरंकुश पञ्चायती तानाशाही थियो। निरंकुश राजतन्त्रात्मक प्रणाली थियो। त्यसबेला आवाज उठाउनेबित्तिकै समातेर जेल हालिन्थ्यो। त्यस ठाउँबाट आएर हामीले गणतन्त्र ल्याउन सक्यौं। सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनाउन सक्यौं। जनतालाई सार्वभौमसत्तासम्पन्न बनाउन सक्यौं र अब देशलाई विकासको बाटोतिर अगाडि बढाउने अभियान अगाडि बढाइरहेका छौं। हामी यो लक्ष्य पनि हासिल गर्न सक्छौं।

NTV

बालबालिकामा असाधारण प्रतिभा हुन्छ, तर सबैमा सबै प्रतिभा त हुँदैन। हरेकको प्रतिभा जे छ त्यसलाई चिनेर हामीले जोगाउन, फुलाउन र फलाउन सक्नुपर्छ। ... सुरुबाटै प्रतिभा पहिचान गरेर तत् सम्बन्धमा मद्दत गऱ्यो, उसको रुचि अनुसारको पढाइ, उसको रुचि अनुसारको विधा र अवसर उपलब्ध गराइयो भने बालबालिकाहरू प्रतिभायुक्त नागरिक हुन्छन्।

३ नेपाली समाजमा सानै उमेरदेखि नै भविष्यको लक्ष्य निर्धारण गर्ने चलन छ। हाम्रो समाजले यसरी सानो उमेरमै भविष्यको लक्ष्य निर्धारण किन गरिदिन्छ?

– त्यसमा एउटा त पछौंटेपनका प्रभावहरूले काम गरेका छन्। त्यसमा राम्रो मात्रै पक्ष छैन, नराम्रा पक्ष पनि छन्। अहिले पनि एउटा बालक वा बालिकालाई उनीहरूले बुझ्ने हुनुभन्दा अगाडि

नै बिहे गरेर श्रीमान-श्रीमती बनाइदिन्छन् र उनीहरूको 'भविष्य' एक ढङ्गले निर्धारण गरिदिन्छन्। यो समाजको पछौटेपनका कारणले भएको हो। जबकि यो उनीहरूको बिहे गर्ने उमेर नभएर पढ्ने उमेर हो। उनीहरूको खेल्ने उमेर हो। उनीहरूको त्यतिबेला केमा क्षमता छ? त्यो पहिचान गर्ने उमेर थियो। यो काउन्सेलिङ् गरेर उनीहरूको प्रतिभा प्रस्फुटन गर्ने बेला थियो। त्यतिबेला उनीहरूको भविष्य निर्धारण गर्ने खालका जुन कुराहरू भएका हुन्छन् र नबुझिकन यही बन्नु भनेर भनिदिने कुराहरू जुन हुन्छन्, त्यो सामाजिक पछौटेपन र अशिक्षाजस्ता कुराहरूले गर्दा नै यस्तो अवस्था बनेको हुन्छ। यो एउटा पाटो छ।

वैज्ञानिक बन्ने बालबालिकालाई बलजफ्ती गिटी कुट्न बाध्य बनाइन्छ। आमाको छेउमा राख्वेर गिटी कुट्न सिकाइन्छ। र, विद्यालय जानुपर्ने, विद्यालयमा राम्रो र गुणस्तरीय शिक्षा प्राप्त गर्नुपर्ने ठाउँमा उसले त्यो अवसर त कता हो कता गिटी कुटेको हेर्दै, गिटी कुटेको सिक्दै त्यही काम गरिराख्वेको हुन्छ। योचाहिँ गरिबीको कारणले गर्दा भएको हो।

अर्को अलिकति सचेत ढङ्गले आफ्ना छोराछोरीलाई प्रेरित गर्नका लागि मेरी छोरी डाक्टर हुन्छ, मेरो छोरा इन्जिनियर हुन्छ, मेरी

छोरी पाइलट हुन्छे, मेरो छोरा यस्तो हुन्छ, मेरो छोरा नेता हुन्छ जस्ता अनेकन् लक्ष्यका कुराहरू सिकाइन्छ र बालबालिकाहरू त्यसो भन्छन्, त्यसो गर्छन्। उनीहरू उत्साहित होउन् भन्नका लागि यस्तो गरिन्छ। यसको एउटा सकारात्मक पक्ष पनि छ।

कहिले कहिले कस्तो भइदिन्छ भने सबैथरी प्रतिभा सबैमा त हुँदैन। कसको प्रतिभा कुन क्षेत्रमा छ भन्ने कुरा पहिचान गर्नुपर्छ। जस्तो मैले धेरै अवसरहरूमा भन्ने गर्छु, यदि मलाई संगीतको क्षेत्रमा, गायनको क्षेत्रमा त्यतापट्टि लगाउन खोज्ने हो भने मेरा अभिभावकहरू असफल हुन्थे। किनभने मसँग संगीतको क्षमता, बाद्यवादनको क्षमता र गायनको क्षमता पटक्कै छैन। म त्यो सिक्न सक्दिनँ। किनभने त्यो पाटो मेरो कमजोर छ। कोही खेलमा राम्रो हुन्छ, कोही संगीतमा राम्रो हुन्छ, कोही आर्टमा राम्रो हुन्छ, कोही वैज्ञानिक र प्राविधिक विषयमा राम्रो हुन्छ। कसैले भूगोलको अध्ययन, कसैले इतिहासको अध्ययन, कसैको मनोविज्ञानको अध्ययन, कसैको वातावरणपट्टिको अध्ययन यस्ता विभिन्न पक्षहरूमा मस्तिष्कका रुचिहरू फरकफरक हुन्छन्। त्यसलाई बुझेर भविष्य नै आफ्नो क्षेत्र निर्धारण गर्नुपर्छ। कोही पनि बालबालिका त्यस्तो ठग, लद्दु र कमजोर भन्ने हुँदैन। बालबालिकामा असाधारण प्रतिभा हुन्छ, तर सबैमा सबै प्रतिभा

त हुँदैन। हरेकको प्रतिभा जे छ त्यसलाई चिनेर हामीले जोगाउन, फुलाउन र फलाउन सक्नुपर्छ। हाम्रो ध्यान त्यतापट्टि जानुपर्छ। सुरुबाटै प्रतिभा पहिचान गरेर तत् सम्बन्धमा मद्दत गऱ्यो, उसको रुचि अनुसारको पढाइ, उसको रुचि अनुसारको विधा र अवसर उपलब्ध गराइयो भने बालबालिकाहरू प्रतिभायुक्त नागरिक हुन्छन्। यदि रुचिको विधा र अवसरबाट बञ्चित गरियो वा भिन्न अवसर र भिन्न विधामा लगियो भने उनीहरूले ठूलो उपलब्धि हासिल गर्न सक्दैनन्।

बालबालिकाहरू र अभिभावकहरूलाई मेरो के सुझाव छ भने, बालबालिकाले केमा रुचि राख्छन् र उनीहरूको क्षमता कुन कुरामा छ? संगीतमा क्षमता छ भने त्यता लगाए हुन्छ। यदि क्षमता छैन भने कहिले कहिले बाबुआमाले छोराछोरीको गला राम्रो छैन, त्यसलाई राम्रो बनाउने अवस्था पनि छैन भने पनि त्यसमा कोशिस गरेका हुन्छन्। त्यो व्यर्थ हुन्छ। खासमा उसको क्षमता केमा छ? वैज्ञानिक हुने छ कि? अरु प्राविधिक हुने छ कि? खेलाडी हुने छ कि के हुने खालको छ? त्यसरी विकास गर्न लाग्यो भने मात्रै उनीहरू आफ्नो प्रतिभा प्रस्फुटन गर्न सक्छन्।

यस ढंगले बाल्यकालबाटै अघि बढाउन जरुरी छ। किनभने उसको क्षमता केमा छ? उसको प्रतिभा केमा छ? पोटेन्सियल केमा छ? प्रायः पोटेन्सियल वा असाधारणता सबै मानिसमा हुन्छ र पोटिन्सियल केमा छ भनेर चिन्नु पर्छ। मानवीय पोटिन्सियल र प्रकृतिमा रहेको पोटेन्सियललाई मिलाएर नै व्यक्तित्व विकास गर्ने हो। त्यसकारण बाल्यकालदेखि योजना निर्माण गर्नु आवश्यक हुन्छ। तर रुचि, उसको मस्तिष्कको क्षमताको पाटो के छ? त्यसलाई बुझेर, काउन्सिलिङ् गरेर, रुचि तर्फको अवसर उपलब्ध गरायो भने वास्तवमा उसको प्रतिभा प्रस्फुटन हुनसक्छ। र, उसले असाधारण उन्नति हासिल गर्न सक्छ। त्यसका निम्ति बाल्यकालदेखि नै सचेत र वैज्ञानिक ढङ्गले भविष्य निर्धारणका लागि प्रयासहरू गर्नु बाञ्छनीय हुन्छ। तर, सामाजिक पछौटेपन र विकृतिका रूपमा वा अज्ञानतावश र जबरजस्तीबाट गरिने कामबाट चाहिँ जोगिनु पर्छ।

...म झूठ बोल्न सक्दैनथँ। झूठ बोल्न विल्कुल नसक्ने स्वभावको थिएँ। त्यसकारण प्रायः साथीहरूका बीचमा कुनै कुरा लुकाऔं भन्ने सल्लाह भयो भने म त्यो लुकाउनै नसक्ने ! केही बिग्रियो भने थाहा पाएको कुरा आफूले बिगारे पनि अरुले बिगारे पनि सुनेपछि मैले लुकाउनै नसक्ने ! म ती कुरा जस्ताको तस्तै भन्दिन्थँ। कहिले कहिले साथीहरूले यसमा मलाई आलोचना पनि गर्दथे।

४ बाल्यकालमा हामी सबैको फरक फरक स्वभाव हुन्छ। हाम्रो उमेरमा हुँदा हजुरको स्वभावचाहिँ कस्तो थियो ?

– म औसत स्वभावको बालक थिएँ। मलाई साधारणतया पढ्न मन लाग्ने, पढ्नभन्दा अलिक बढी खेल्न मन लाग्ने गर्थ्यो। कहिलेकाहीँ मलाई अलिक डर पनि लाग्थ्यो। किनभने मलाई जति खेल्न मन लाग्थ्यो, त्यति नै पढ्न मन लाग्दैनथ्यो। त्यसबाट

म बिग्रिन्छु कि भनेर निकै डर लाग्थ्यो। खेल पनि यति महत्वपूर्ण हुन्छ भनेर मैले अहिले जति बुझ्छु, त्यसबेला बुझेको थिइनँ। यदि खेलमा पनि राम्रो गर्न सकेँ भने त्यो अझ राम्रो कुरा हो भन्ने मैले थाहै पाएको थिइनँ। मलाई त्यसबेलाको अवधारणामा खेल भनेको आज जति महत्वको विषय छ, यो हिसाबले मलाई अवगत थिएन, खेल भनेको आफ्नो निजी कुराजस्तो थियो र त्यस बेला अलिक खेल्न मन लाग्थ्यो। अर्को कुरा म झूठ बोल्न सक्दैनथेँ। झूठ बोल्न विल्कुल नसक्ने स्वभावको थिएँ। त्यसकारण प्रायः साथीहरूको बीचमा कुनै कुरा लुकाऔं भन्ने सल्लाह भयो भने म त्यो लुकाउनै नसक्ने ! केही बिग्रियो भने थाहा पाएको कुरा आफूले बिगारे पनि अरुले बिगारे पनि सुनेपछि मैले लुकाउनै नसक्ने ! म ती कुरा जस्ताको तस्तै भन्दिन्थेँ। कहिले कहिले साथीहरूले मलाई आलोचना पनि गर्दथे। म लुकाउनै सक्दिनँ त के गरुँ भन्ने गर्दथेँ? म झूठ बोल्नै सक्दिनँ। अनि मलाई साथीहरूले यो अलिक भरपर्दो छैन, सुनेपछि भन्दिहाल्छ भन्थे। अभिभावकले वा गुरुले सोधेपछि म खुरुक्क भन्दिन्थें। त्यसो भएर अलिक आलोचना पनि खेप्थेँ। पढ्न पनि मलाईँ रुचि लाग्थ्यो। खासगरी पुराना शास्त्रहरू पढ्न मन लाग्थ्यो। मैले सानैदेखि घरका कामहरू सबै गर्नु पर्दथ्यो। मैले सानो काम र ठूलो काम भनिँदो रहेछ भन्ने कुरा अलिक ठूलो भएपछि मात्रै थाहा पाएँ।

नत्र भाँडा माझ्ने काम सानो मानिन्छ भन्ने मलाई थाहा थिएन। म खाना बनाउँथेँ, खाना खाएका भाँडा पनि माझ्थेँ, आँगन सफा गर्नेदेखि लिएर अरु तमाम कामहरू पनि गर्ने गर्थेँ। कपडा धुने कामहरूमा चाहिँ सहयोग गर्दथेँ। ती कामहरू साना हुन् भन्ने मलाई थाहा थिएन। किनभने सफा लगाउनु छ भने धुनु त पर्छ भन्ने मलाई थाहा थियो। मैले पछि मात्र थाहा पाएँ, कतिवटा कामलाई साना काम भनिने रहेछ! त्यो मैले ठूलो भएपछि मात्र थाहा पाएँ। मैले सबै कामहरू, घरभित्रका र गाउँले जीवनका सबै कामहरू गर्नुपर्दथ्यो। घाँस काटेर गाईलाई खुवाउनेदेखि लिएर गोठ सफा गर्ने सबै कामहरू गर्नुपर्दथ्यो।

म घरका कामहरू गर्ने, खेल्ने र पढ्ने एउटा आज्ञाकारी विद्यार्थी, र आज्ञाकारी बच्चा थिएँ।

म अहिले जुन आदर्शबाट हिडिरहेको छु र भन्ने गर्छु– सत्यसँग लड्नु हुँदैन, शक्तिसँग झुक्नु हुँदैन। सत्य नभएको शक्तिसँग शक्ति छ भने पनि डराउनु हुँदैन। शक्ति आवधिक कुरा हो, जो अस्थायी हुन्छ। सत्य अस्थायी र आवधिक हुँदैन। त्यसकारण सत्यको पालना गर्नुपर्छ। सत्यको बाटो हिड्नु पर्छ। यो कुरा मैले मेरो हजुरआमाबाट सिकेको थिएँ।

प्रायः कसैले कसैबाट प्रेरणा लिइरहेको हुन्छ। प्रधानमन्त्रीज्यू, हजुरले आफ्नो जीवनमा कोबाट सबभन्दा धेरै प्रेरणा लिनुभएको छ?

– मेरी आमा सानैमा बित्नुभयो। आमा बित्नुहुँदा म तीन वर्ष र केही महिनाको मात्र थिएँ। त्यसपछि मेरो मुख्य आदर्श हजुरआमा हुनुभयो। मैले साँचो बोल्ने, सभ्य व्यवहार गर्ने, परोपकारी धारणा

राख्ने, मान्छेलाई माया गर्ने, कसैप्रति भैरभाव नराख्ने प्रकारका कुराहरू उहाँबाट सिकें।श्रम गर्न अप्ठ्यारो नमान्ने, मेहनती हुनुपर्छ भन्ने र हामीले केही राम्रो काम गर्नुपर्छ र अरुको नजरमा नगिर्ने काम गर्नुपर्छ, अरुले नराम्रो नभन्ने खालको त्यस्तो काम गर्नुपर्छ भन्ने प्रेरणा सानो छँदा मैले हजुरआमाबाट प्राप्त गर्दथेँ। मैले अरु अभिभावक, शिक्षक, शिक्षिकाहरूबाट पनि प्रेरणा प्राप्त गर्दथेँ। तर, सबैभन्दा बढी प्रेरणाचाहिँ मैले हजुरआमाबाट नै प्राप्त गरेँ।

म अहिले जुन आदर्शबाट हिडिरहेको छु र भन्ने गर्छु- सत्यसँग लड्नु हुँदैन, शक्तिसँग झुक्नु हुँदैन। सत्य नभएको शक्तिसँग शक्ति छ भने पनि डराउनु हुँदैन। शक्ति आवधिक कुरा हो, जो अस्थायी हुन्छ। सत्य अस्थायी र आवधिक हुँदैन। त्यसकारण सत्यको पालना गर्नुपर्छ। सत्यको बाटो हिड्नु पर्छ। यो कुरा मैले मेरो हजुरआमाबाट सिकेको थिएँ। सत्यसँग नलड्ने, शक्तिसँग नझुक्ने बाल्यकालको प्रेरणा, जसले मेरो जीवनलाई प्रभावित गऱ्यो, यो मूल प्रेरणा मैले हजुरआमाबाट नै प्राप्त गरेँ। मेरो जीवनमा यो प्रेरणाको स्रोत हजुरआमा नै हुनुहुन्थ्यो।

मेरो फुर्सदको समय भनेको राती सुत्दाको समय हो। त्यो समयमा पनि म अबेलासम्म पढ्ने गर्छु। पढ्ने समय दिउसो प्राप्त गर्दिनँ। त्यसकारण राती म बढी पढ्छु। यो मेरो स्वभाव हो। दिउसो फुर्सद केही भयो भने केही किताबहरू, पत्रपत्रिकाहरूबाट जानकारी लिने काम गर्छु।

६ हामी सबैजना खाली समयमा केही न केही काम गरिरास्वेका हुन्छौँ। हजुर फुर्सदको समयमा के काम गर्न रुचि रास्नुहुन्छ ?

– साधारणतया मलाई फुर्सद नै हुँदैन। मैले साधारणतया फुर्सदको समय जीवनमा थाहा पाएको छैन। मेरो फुर्सदको समय भनेको राती सुत्दाको समय हो। त्यो समयमा पनि म अबेलासम्म पढ्ने

गर्छु। पढ्ने समय दिउसो प्राप्त गर्दिनँ। त्यसकारण म राती बढी पढ्छु। यो मेरो स्वभाव हो। दिउसो फुर्सद केही भयो भने केही किताबहरू, पत्रपत्रिकाहरूबाट जानकारी लिने काम गर्छु। अहिले वैज्ञानिक खोज, अध्ययन, अनुसन्धान र सामान्य ज्ञानका कुराहरूको जानकारी लिन खोज्छु।

सामान्यतया फुर्सदको समय त हुँदैन, भइहाल्यो भने मैले थप केही जानकारी लिन्छु।

म निदाएर देखेका सपनाहरूमा विश्वास गर्दिनँ। विपनामा नै म सपनाहरू देख्ने गर्छु, जुन सपनाहरू देशको सुरक्षित भविष्यका लागि कसरी के राम्रो काम गर्न सकिन्छ, देशको वातावरण कसरी जोगाउन सकिन्छ, हाम्रो नयाँ पुस्ताका, नयाँ पिढीका मान्छेहरूको अझ सुन्दर दिन कसरी बनाउन सकिन्छ र आउँदो पिढीको सुन्दर भविष्य कसरी निर्माण गर्न सकिन्छ ?

Q हरेक मान्छेलाई कहिले कस्तो कहिले कस्तो सपनाले सताउँछन्। प्रधानमन्त्रीज्यू, तपाईंलाई पनि यस्ता कुनै सपना आउने गर्छन् ?

– सपना खास दुई खालका हुन्छन् : एउटा निदाएर देखिने सपना र अर्को ननिदाइकन देखिने सपना। जस्तो हामी सहिदका सपना भन्छौं, ती निदाएर देखिने सपना होइनन्। देश विकासको सपना भन्छौं, त्यो निदाएर देखिने सपना होइन। आफ्ना सन्तानलाई

असल र सफल बनाउने सपना, यो पनि निदाएर देखिने सपना होइन।

निदाएर देखिने सपनाहरू : खासगरी ती निदाएपछि अवचेतनका बेला आउने साधारण वा विकृत परिकल्पनाहरू हुन्। कहिले कहिले रक्तसञ्चारसँग, कहिले कहिले मुटुको गतिसँग, मुटुको अवस्थासँग, रक्तसञ्चार राम्ररी हुन पाएन भने अथवा मुटुबाट दिमागमा जाने पर्याप्त रक्तप्रवाह भएन भने दिमागमा रगतको कमीले गर्दाखेरी विकृत सपनाहरू देखिन्छन्। त्यस्ता सपनाका प्रकृतिहरू कहिले साधारण खालका र कहिले विकृत खालका हुन्छन्। रक्तसञ्चारको स्थिति, मनस्थितिआदि अनुसार ती सपनाहरू देखिन्छन्। तर म निदाएर देखेका सपनाहरूमा विश्वास गर्दिनँ। विपनामा म सपनाहरू देख्ने गर्छु, जुन सपनाहरू देशको सुरक्षित भविष्यका लागि के कसरी राम्रो काम गर्न सकिन्छ, देशको वातावरण कसरी जोगाउन सकिन्छ, हाम्रो नयाँ पुस्ताका, नयाँ पिढीका मान्छेहरूको अझ सुन्दर दिन कसरी बनाउन सकिन्छ र आउँदो पिढीको सुन्दर भविष्य कसरी निर्माण गर्न सकिन्छ? मैले ननिदाइकन यस्ता सपनाका चित्रहरू देखेको हुन्छु। त्यसका निम्ति खाकाहरू बनाइरहेको हुन्छु। त्यसका निम्ति योजनाहरू बनाइराखेको हुन्छु। मेरा सपनाहरू मूलतः ती कुराहरूसँग बढी सम्बन्धित छन्।

नया वर्ष-
नया पहरा
बालकलिकासंग
प्रधानमन्त्री

आज हामीले समाजलाई प्राविधिक शिक्षातर्फ लादैछौं, जीवनपयोगी शिक्षातर्फ लादैछौं, ताकि शिक्षा प्राप्त गरेपछि मानिस बेरोजगार हुने, शिक्षा प्राप्त गरेपछि केही पनि गर्न नसक्ने त्यस्तो खालको स्थिति नहोस्। उसले आफ्नो निम्ति केही गर्न सकोस्, आत्मनिर्भर हुन सकोस् अथवा ऊ प्रतिस्पर्धी दुनियाँमा प्रतिस्पर्धामा दौडिन र सफल नागरिक बन्न सकोस्।

८ आज विद्यार्थीले पाइरहेको शिक्षाले नै १० वर्ष पछाडिको प्राविधिक विश्वका लागि उनीहरू तयार हुन्छन् जस्तो लाग्छ हजुरलाई ?

- हाम्रो देश र धर्तीको यो भू-भाग, शिक्षाको प्रारम्भ भएको, ज्ञान भनेको के हो भन्ने कुराको शुरुवात भएको भू-भाग हो। ज्ञानको प्रारम्भ, ज्ञानको ज्योति र ज्ञान भनेको के हो ? धर्तीको

यस कुनामा हाम्रै पूर्खाहरूबाट यो शुरुवात भएको थियो। सबै प्रकारका ज्ञानहरू संगीत, लय, छन्द, ताल, सुर, साहित्यका रस आदि सबै हाम्रै पूर्वजहरू र हाम्रै पूर्खाहरूबाट सुरु भएका थिए। विभिन्न प्रकारका ज्ञान हाम्रै पूर्वजहरूले सुरु गरेका थिए। बीचमा केही शताब्दी हामी अलिक पछाडि पऱ्यौं।

खासगरी उपनिवेशको जमानामा हाम्रो छिमेकका ठूलाठूला देश पनि उपनिवेश भए। हामीले बडो मुस्किलले लडेर देशलाई एकीकृत गऱ्यौं- हाम्रा पूर्वजहरूले देशलाई सुरक्षित गरे। र, हाम्रो देश स्वतन्त्र पनि रह्यो। तर, स्वतन्त्र रहे पनि यसले स्वतन्त्र हैसियतमा विकास गर्न सकेन। दुईतिरका उपनिवेशहरूको दबाब र औपनिवेशिक राज्यहरूको चेपाइमा विकासका सम्भावनाहरू बहुतै कम कार्यान्वयन भए। त्यसमाथि हाम्रोमा तानाशाही प्रणाली कायम भएर हामीले विकास गर्न सकेनौं। यसले गर्दा हाम्रो पुरानो शिक्षा छुट्यो, पुरानो शिक्षाबाट जुन विकास हुँदै आउनु पर्दथ्यो र त्यसमा अवरोध भयो।

नयाँ खालको शिक्षाको अवस्था पनि हाम्रोमा आउन पाएन। २००७ सालसम्म त विद्यालय खोल्न, कलेज खोल्न नपाउने, पढ्न र पढाउन नपाउने स्थिति छँदैथियो। अर्थात् अहिलेभन्दा

६९/७० वर्ष अगाडि मात्रै हामीले पढ्ने लेख्ने अधिकार पायौं। २०१६ सालमा अर्थात् ६० वर्ष अगाडि मात्रै हाम्रोमा विश्वविद्यालय स्थापना भयो। त्यस विश्वविद्यालयले ३० वर्षसम्म देशलाई एक्लै धान्यो। त्यसपछि हामीले अहिले केही अरु विश्वविद्यालयहरू खोलेका छौं।

प्राविधिक शिक्षा - हाम्रोमा इन्जिनियरिङ् कलेज र मेडिकल कलेज अस्ति भर्खरबाट मात्रै सुरु भएका पाइन्छन्। यी विषयहरूमा हाम्रो सुरुवात नै ढिला भयो। अर्कोतिर के भयो भने यी विषयहरू त हामीले सुरु गऱ्यौं, तर हामीकहाँ एउटा मानवताको, शान्तिको, वसुधैव कुटुम्बकम् (सम्पूर्ण वसुधामा बस्ने सबै प्राणी हाम्रा मित्र हुन्) को मानवीय आचरण र मानवीय गुण कमजोर हुँदै गयो। आफैं आफ्ना निम्ति कानून बनाउने र त्यसभित्र बाँधिने, स्वअनुशासनमा बस्ने र एउटा स्वअनुशासित समाज, त्यस्तो समाजका रूपमा बस्ने जुन हाम्रा गुण हुन्, अर्कोलाई नोक्सान नगर्ने, अर्काको क्षति नगर्ने, अरुको निन्दा नगर्ने, अरुलाई नोक्सान नपुऱ्याउने, परोपकारको भावनाका साथ काम गर्ने, अरुलाई अप्ठ्यारो पऱ्यो भने मद्दत गर्ने, सहयोग गर्ने, पारस्परिक सहयोग र मित्रताको यो भावना पनि कमजोर भयो।

यसले 'सोकल्ड' आधुनिकता त बढ्यो, तर त्यो कस्तो भने मानवीयता नभएको आधुनिकता बढ्यो। हामीले भनेको आधुनिकता त्यस्तो होइन। सामाजिक सम्बन्ध सुमधुर नभएको त्यस्तो आधुनिकता त आधुनिकता नै होइन। हामीकहाँ त यसबीचमा के भयो भने एउटा जात र अर्को जात लडाउन खोज्ने, एउटा भूगोल र अर्को भूगोलका मान्छे लडाउन खोज्ने, एउटा धर्म र अर्को धर्मका मान्छे लडाउन खोज्ने, विविधतामा जुन सुन्दरता छ र त्यो नै हाम्रो सम्पत्ति हो, त्यसमा एकताबद्ध हुनुपर्ने हो। तर त्यसमा भाँजो हाल्ने र एकता हुनुपर्ने ठाउँमा अनेकता ल्याएर लडाउन खोज्ने प्रयासहरू भए। यसप्रकारका स्वार्थी प्रवृत्ति, जसरी पनि स्वार्थ साधना गरे हुन्छ भन्ने भ्रष्ट आचरण र नैतिकताको ह्रास जस्ता कुराहरू पनि आए।

आज हामीले समाजलाई प्राविधिक शिक्षातर्फ लादैछौं, जीवनोपयोगी शिक्षातर्फ लादैछौं ताकि शिक्षा प्राप्त गरेपछि मानिस बेरोजगार हुने, शिक्षा प्राप्त गरेपछि केही पनि गर्न नसक्ने त्यस्तो खालको स्थिति नहोस्। उसले आफ्नो निम्ति केही गर्न सकोस्, आत्मनिर्भर हुन सकोस् अथवा ऊ प्रतिस्पर्धी दुनियाँको प्रतिस्पर्धामा दौडिन र सफल नागरिक बन्न सकोस्। त्यसप्रकारको शिक्षा हामीलाई आवश्यक छ र त्यो शिक्षा प्राप्त

गरिरहँदा मानवीय गुण, गुणवत्ता, मानवीयता र पारस्परिक मित्रता, सेवाभाव, सहयोगी भावना सहितको शिक्षा हासिल हुन्छ। यसले गर्दा समाजको विकास गर्न, शिक्षा प्राप्त गरेपछि नागरिक आफ्नो उन्नति र समाजको लागि भलाई गर्ने दुईवटा काम गर्नसक्ने बनोस्। योग्य, सक्षम, प्रतिस्पर्धी र सँगसँगै गुणवान् व्यक्ति हुन सकोस्। त्यसप्रकारको शिक्षातर्फ हामी जाँदैछौं। यसमा अब योजनाबद्ध रूपले काम गर्नुपर्छ, जसलाई क्याम्पस खोल्न मन लाग्यो, खोल्यो, जहाँनेर नाफा हुन्छ भन्ने देख्यो, त्यहींनेर खोल्यो, अथवा यहाँनेर कुनै क्याम्पस खोल्दिउँ भनेर सोंच्दा हामीलाई कुन प्रकारको जनशक्ति कति चाहिन्छ, कस्तो जनशक्ति चाहिएको छ? त्यसअनुसार उत्पादन गर्नका लागि हामीले दक्ष जनशक्ति कहाँ, कुन ठाउँमा र कति चाहियो, त्यस अनुसारको शिक्षा उपलब्ध गराउनु पर्छ। र, त्यस किसिमको शिक्षाले हामीलाई मानवीय, सामाजिक र राष्ट्रको विकासमा मद्दत पनि पुऱ्याउँछ।

ज्ञानको भण्डार अथाह छ। त्यस अथाह भण्डारबाट हामीले चाहिने राम्रो ज्ञान प्राप्त गर्ने कोशिस गर्नुपर्छ। आफूले विषयगत ज्ञानमा राम्ररी दक्षता राख्ने र सामान्य ज्ञान प्राप्त गर्ने कोशिस गर्नुपर्छ। उपलब्ध समयलाई खुला आँखा राखेर, खुला कान राखेर हामीले कसरी ज्ञान आर्जन गर्न सकिन्छ, त्यसो गर्नुपर्छ।

प्र सम्माननीय प्रधानमन्त्रीज्यू, म प्रज्ञान बस्नेत, जेभियर इन्टरनेशनल स्कूलबाट यहाँ हजुरसमक्ष एउटा सानो जिज्ञासा लिएर उपस्थित भएको छु। हजुर जस्तासुकै प्रश्नको पनि उत्तर सामान्य ढङ्गले दिनुहुन्छ। हजुरको जस्तो अथाह ज्ञान पाउनको लागि हामीले कसरी पढ्ने होला ?

- थ्याङ्क यू ! प्रश्नका निम्ति धन्यवाद छ। ज्ञान संसारमा यति धेरै छ, विश्व ज्ञानको भण्डार हो। त्यसको हामीले एउटा सानो अंश

मात्रै प्राप्त गर्न सक्छौं। भाइबहिनीहरूलाई मसँग अथाह ज्ञानको भण्डार छ भन्ने जुन लागेको छ त्यो साँचो कुरा होइन। मसँग थौरै मात्र ज्ञान छ। संसारमा यति ठूलो ज्ञानको भण्डार छ, एउटा बिरुवाको मात्रै अध्ययन गर्न थाल्यो भने पनि मानिसले सायद त्यस बिरुवाको ज्ञानको बारेमा जानकारी पाइसक्दैन। जस्तो हामी मेडिसिन पढ्न थाल्छौं भने पहिले जनरल मेडिसिन पढिन्छ। त्यसपछि एमबीबीएस, त्यसमाथि एमडीमा गएपछि अलिक स्पेसलाइजेसन हुन्छ र अलिकति एउटा विषयतिर गहिरिएर जाने पढाइ हुन्छ। अनि डीएम गर्दा अलिक स्पेसलाइजेशनबाट सुपर स्पेसलाइजेशनमा पुगेर र अलिक विषय केन्द्रित भएर पढाइ हुन्छ। त्यहाँ पुगेपछि उसलाई थाहा हुन्छ कि, जान्नुपर्ने कुरा त धेरै छन्। उसले एउटा सानो विषय, मुटुको अध्ययन छान्छ, पहिले पढ्दै जान्छ र अन्तिममा गएर मुटु मात्रैमा केन्द्रित बन्छ। स्वास्थ्य विषयका अरु कुरा छोड्छ, छोड्दै छोड्दै जान्छ। मुटुको पनि केचाहिँ हो? एउटा कुरामा मात्र जान्छ। अनि उसले सुपरस्पेसलाइजेसनपछि पनि एउटामा गएर र त्यहाँ पुगेपछि पनि अझ धेरै कुरा जान्न बाँकी रहेछ भन्ने थाहा पाउँछ।

हामीले वनस्पतिको बारेमा पढ्न थाल्यौं भने पहिले जंगल, रुख बिरुवा आम रूपमा पढ्छौं। त्यसपछि साँघुरिँदै, साँघुँरिदै के

विषयमा जाने हो, त्यसमा अगाडि गएपछि हामीले बल्ल विशेष थाहा पाउँछौं। डाक्टरले पढ्दै पढ्दै गएपछि दाँतको अवस्थिति के हो ? इन्फेक्सन भएको हो कि ? फुकाल्ने हो कि ? अर्को दाँत राख्ने हो कि ? हो, त्यसमा गएर, अनि त्यसको पनि अरु सानासाना विषयका पढाइहरू गर्दै अगाडि जान संभव हुन्छ।

यसरी ज्ञानको भण्डार अथाह छ। त्यस अथाह भण्डारबाट हामीले चाहिने राम्रो ज्ञान प्राप्त गर्ने कोशिस गर्नुपर्छ। आफूले विषयगत ज्ञानमा राम्ररी दक्षता राख्ने र सामान्य ज्ञान प्राप्त गर्ने कोशिस गर्नुपर्छ। उपलब्ध समयलाई खुला आँखा राखेर, खुला कान राखेर हामीले कसरी ज्ञान आर्जन गर्न सकिन्छ, त्यसो गर्नुपर्छ।

हामीले जान्नुपर्ने कुरा के हो ? हामीले जान्नुपर्ने कुरा हो : मानवजाति र धर्ती। मानव जातिको बारेमा पनि आफ्नो देशको मानव जाति र धर्तीको पनि आफ्नो देशको बारेमा बढी जान्नुपर्छ। त्यहाँका साधन, त्यहाँका स्रोत, त्यहाँका सम्भावना, त्यहाँका आवश्यकता, त्यहाँ गर्नुपर्ने कामहरू, आदिका बारेमा जान्नुपर्ने हुन्छ। मलाई नेपालका बारेमा सोधियो भने अलिक बढी थाहा छ। तर, मलाई अर्को देशका बारे सोध्ने हो भने त्यहाँको थोरै मात्र जानकारी हुन्छ। कुन चिज हामीलाई चाहिने हो, त्यसमा

अलिक बढी फोकस गर्ने, आफ्नो खास विषयमा फोकस गर्ने त छँदैछ, त्यसबाहेक सामान्य ज्ञान पनि हामीलाई चाहिन्छ। र, सामान्य ज्ञानबाट हामी कमसेकम हाम्रो धर्ती, हाम्रो मानव जाति र यससँग सम्बन्धित विषयहरूलाई सहज ढङ्गले बुझ्न सक्छौं। र, ज्ञान प्राप्त गर्ने कुरालाई हामीले मुख्य रूपमा आफ्ना निम्ति उपयोगी र समाजका निम्ति उपयोगी दुईवटा पक्षमा विभाजन गरेर हेर्नुपर्ने हुन्छ। यी दुईवटा पक्षलाई हामीले साधरणतया जेनरल नलेज भन्छौं, यो जनरल नलेजमा पनि ध्यान दिनु आवश्यक हुन्छ। तर, अथाह ज्ञानचाहिँ कसैमा पनि हुँदैन।

मान्छेहरू अलिकति पढेलेखेपछि हामीजस्तो विद्वान भनेर फुल्छन्। तर विद्वानले मैले थोरै जानेको छु भन्ने जान्दछ। उसले अलिकति जानेको हुन्छ। जब कोही म विद्वान हुँ भनेर फुल्छ, तब उसले सिक्न छोड्छ, ऊ वास्तवमा सर्टिफिकेटधारी मात्रै हुनपुग्छ र ज्ञानको अभाव भएको स्थितिमा रहने खतरा हुन्छ।

हामीले ज्ञान प्राप्त गर्नका लागि जान्दिनँ भन्ने ठान्नु र ज्ञान प्राप्त गर्ने इच्छा लगातार राख्नु पर्दछ। अध्ययन भनेको जिन्दगीभरिको प्रक्रिया हो भनेर बुझ्नु पर्छ। यो सधैँको प्रक्रिया हो। विद्यार्थी

हुँदाको मात्रै होइन, सधैँको प्रक्रिया हो। यो यथार्थ थाहा पाउनु जरुरी हुन्छ।

मैले मास्टर्ससम्म पढिहालेँ, मैले पीएचडी गरेको छु, अब मैले किन पढ्नु पर्‍यो भनेर बस्यो भने, ड्राइभिङ् लाइसेन्स लियो, अनि २५ वर्ष ड्राइभिङ् गरेन र पछि स्टेरिङ् कता हो, क्लज कता हो, एक्सिलेटर कता हो, उसले त यस्ता कुराहरू पनि बिर्सने अवस्था बन्छ। तसर्थः मैले उहिले सिकेको थिएँ, उहिले पढेको थिएँ भनेर हुँदैन। यो निरन्तरको एउटा प्रक्रिया हो। खासमा भनेको अध्ययन जीवनभरिको प्रक्रिया हो।

सामाजिक कुप्रचलन, कुप्रथा आदिले असर गर्ने कुराहरूमा हामीले शिक्षा र प्रेरणाबाट जागरण ल्याएर, अभियान चलाएर, नयाँ र अनुकूल अवसर उपलब्ध गराएर फेरबदल ल्याउनु पर्छ। केही कुरामा मान्छेहरू जानीजानी बलजफ्ती पनि गरिरहेका हुन्छन्, त्यस्तोमा केही कानूनी व्यवस्था पनि गर्नुपर्ने हुन्छ।

१० मेरो प्रश्न छ, बालबालिकाको सानै उमेरदेखि नै भविष्य निर्माण गरिन्छ, तर यहाँ हाम्रो देशमा परम्परा तथा संस्कृतिको कारणले ती बालबालिकाको भविष्य अलमल भएको देखिन्छ । यसमा हजुरको के विचार छ ?

- यस सम्बन्धमा मैले अघिको नै प्रश्नमा भनिसकेँ। मर्निङ सोज् द डे भनेजस्तो, असल नागरिक बनाउनु छ भने बाल्यकालदेखि

नै ध्यान दिने, बाल्यकालदेखि नै शिक्षा, स्वास्थ्य, तालीम, व्यवहार जस्ता कुरामा ध्यान दिने गर्नु उचित हुन्छ। अनि मात्रै अपेक्षित नागरिक निर्माण गर्न सकिन्छ र भविष्य बनाउन सकिन्छ। यो कुरा ठीक हो।

तर अघि मैले भनेजस्तै सामाजिक पछौटेपनका कारणले वा अशिक्षाका कारणले अथवा समाजमा चलेको पछौटेपन, कुरीति, कुप्रचलन, कुप्रथा आदिका कारणले बालबालिकाको भविष्य गलत दिशामा, गलत ढङ्गले उनका सम्भावना सीमित वा बिगार गरेर अरुले थोपरिदिने र निर्धारण गरिदिने, खासगरी सकारात्मक ढङ्गले अगाडि बढ्ने सम्भावनाहरूलाई निमोठिदिने जुन प्रचलन छन्, ती कुनै पनि उचित होइनन्। तिनलाई हामी सामाजिक जागरण, सामाजिक शिक्षाको अभियान र अवसरको माध्यमबाट, फरक अवसर उपलब्ध गराएर, फरक अवस्था सिर्जना गराएर हटाउन सक्छौं। र, बालबालिकालाई बच्चैदेखि उनीहरूको सुन्दर भविष्य निर्माण हुन सकोस् भनेर राम्रो लालनपालन, राम्रो स्याहारसम्भार, राम्रो खानपिन, राम्रो वातावरण, स्वास्थ्यसम्बन्धी चेतना र उपयुक्त ढङ्गले शिक्षा उपलब्ध गराउने र अघि मैले भनेजस्तै उनीहरूको रुचिको विषयमा अवसर उपलब्ध गराउने कर्म गर्नुपर्छ। रुचिको विषयका अवसर उपलब्ध गराउने प्रयास

हामी गर्छौं,जसबाट बालबालिकाको सानै उमेरदेखि नै उचित स्याहारसम्भार, लालनपालन, मार्गदर्शन हुन्छ र उनीहरू असल र योग्य नागरिकका रूपमा विकास हुन सक्छन्। त्यसकारण सामाजिक कुप्रचलन, कुप्रथा आदिले असर गर्ने कुराहरू हामीले शिक्षा र प्रेरणाबाट जागरण ल्याएर, अभियान चलाएर, नयाँ र अनुकूल अवसर उपलब्ध गराएर फेरबदल ल्याउनु पर्छ। केही कुरामा मान्छेहरू जानीजानी बलजफ्ती पनि गरिरहेका हुन्छन्, त्यस्तोमा केही कानूनी व्यवस्था पनि गर्नुपर्ने हुन्छ। कतिपय बालबालिकाहरूलाई शोषण गर्ने, बालबालिकामाथि उत्पीडन गर्ने, अन्याय गर्ने र ज्यादति गर्ने कुराहरूलाई कानूनी उपचार र दण्डका माध्यमबाट पनि रोकथाम गर्नुपर्ने हुन्छ।

तपाईंहरू अहिले राजनीतिमा लाग्ने होइन, पढाइमा लाग्नुहोस्। पढ्दा आँखा खोलेर लाग्नुहोस्, सामान्य ज्ञान पनि लिनुहोस् र राजनीतिबारे जानकारी स्पष्ट लिनुहोस्। पछि राजनीतिमा लाग्ने वा अरु विभिन्न पेशामा लाग्ने? राम्ररी बुझेर र तयारी गरेर अगाडि बढ्नुहोस्। मेरो सुझाव यही हो।

११ सम्माननीय प्रधानमन्त्रीज्यू! म ज्ञानमन्दिर माध्यमिक विद्यालयको कक्षा १० मा अध्यनरत छात्रा अस्मिता परियार हुँ। आज प्रत्यक्ष रूपमा हजुरलाई भेट्न र प्रश्न सोध्न पाउँदा आफूले आफैंलाई भाग्यशाली ठानेकी छु। म काठमाडौं बालाजु हाइटमा बस्छु, तर मेरो स्थायी ठेगाना भने कर्णाली प्रदेशको हुम्ला जिल्लामा हो। म हजुरसमक्ष मेरा केही जिज्ञासा राख्न चाहन्छु। हामीजस्ता विधार्थी राजनीतिमा लाग्नु उपयुक्त छ कि छैन?

– विद्यार्थी राजनीतिमा लाग्नु, तपाईंहरू राजनीतिमा लाग्नु पर्छ र लाग्न हुन्छ भनेर म भन्दिनँ। तपाईंहरूले अध्ययन गर्नुपर्छ, अध्ययनमा ध्यान केन्द्रित गर्नुपर्छ। तर, तपाईंहरूले सँगसँगै आफ्नो सामान्य ज्ञानका रूपमा देशमा के भइरहेको छ, देशमा कस्तो काम भइरहेको छ? ती कुराहरूचाहिँ थाहा पाउनु पर्छ। राम्रो के हो? नराम्रो के हो? सही के हो? गलत के हो? त्यो पनि थाहा पाउनु पर्छ। यसरी राजनीतिको बारेमा जानकारी लिनुपर्छ, थाहा पाउनु पर्छ।

राजनीति देशका नीतिहरूमध्येको मूल नीति हो। राजनीति सप्रियो भने देश सप्रिन्छ। राजनीति बिग्रियो भने देश बिग्रिन्छ।

राणा शासनमा पारिवारिक राजनीति थियो, जहाँनिया शासन थियो। अधिकारजति राणाहरूमा सीमित, जे पनि गर्न पाउने, अरु कसैले केही गर्न नपाउने अवस्था थियो। पढ्न लेख्न पनि नपाउने, पैसा भए पनि भनेजस्तो घर बनाउन नपाउने, जुत्ता लगाउन नपाउने, कपडा लगाउन नपाउनेसम्मका प्रबन्ध र बन्देजहरू थिए। सामाजिक प्रबन्ध त्यसकिसिमका बनाइएका थिए। त्यसले गर्दा दुनियाँ विकासमा अगाडि बढ्दा पनि त्यस राजनीतिले हाम्रो देशलाई विकासमा अगाडि जान दिएन। राजनीति ठीक हुँदा ठीक हुने रहेछ, राजनीति बेठीक हुँदा बेठीक

हुने रहेछ। अहिले देश किन अगाडि बढ्दैछ? आज देशमा किन शान्ति सुव्यवस्था छ? किन दिनैपिच्छे टायर बल्दैनन्? किन ड्याम्ड्याम् गोली चल्दैनन्? किन लडाइँ चल्दैन? यी सबै कुरा देशको राजनीति सङ्लिंदै र सप्रिदैं आएर भएको हो। अहिले पनि केही छिटफुट त्यसप्रकारका तत्वहरू छन्। चन्दाको नाममा बलजफ्ती पैसा असुल गर्ने तत्वहरू पनि समाजमा छन्। निर्दोष जनता मारेर आफ्नो स्वार्थी दुनो सोझ्याउन खोज्ने तत्वहरू छन्। ती क्रमशः कमजोर त भइरहेका छन्। विस्तारै कमजोर नै हुन्छन्। किनभने, जति समाजको राजनीति, सामाजिक व्यवस्था सुदृढ हुन्छ, सही हुँदै जान्छ, गलत तत्वहरू पराजित हुँदै जान्छन्। यो सबै राजनीतिले गर्दा नै संभव हुने हो।

राजनीति ठीक छ भने, राजनीतिका उद्देश्यहरू ठीक छन् भने त्यसले आर्थिक उद्देश्य, सामाजिक उद्देश्य ठीक लिन्छ। राजनीतिक उद्देश्य गलत छ भने त्यसले साम्प्रदायिकता भड्काउने, विद्वेष भड्काउने र अनेक खालका उपद्रो मच्याउने, परिवर्तन र क्रान्तिका नाममा अनेक प्रकारका सामाजिक विध्वंसहरू मच्याउने त्यस प्रकारका गलत कामहरू गरिदिन्छ।

राजनीति सबै नीतिहरूको मूल नीति हो। त्यसैले नयाँ पिंढीले राजनीतिको बारेमा थाहा पाउनु पर्छ। अहिले राजनीति ठीक

दिशामा गएको छ, देशमा विकासका सही प्रयासहरू भएका छन् र देश विकासको बाटोमा अगाडि बढेको छ, शान्ति सुव्यवस्था र सुशासनको बाटोमा अगाडि बढेको छ। यो कसरी संभव भएको छ त ? ती कुराहरू तपाईं विद्यार्थीले थाहा पाउनु जरुरी हुन्छ।

दलीय व्यवस्थामा पक्षविपक्ष त हुन्छ नै। नचाहिने कुराको हल्ला फिजाउँछन्, झूठ र भ्रमहरू पनि फिजाउँछन्। त्यस्ता कुराहरूबाट जोगिनु पर्छ। समाज पक्ष विपक्षमा बाँडिएकाले राम्रो कुरालाई पनि नराम्रो भनेर त्यस्ता भ्रम फिजाइन्छ। त्यस्ता कुराहरूको बारेमा पनि थाहा पाउनु पर्छ। तर राम्रा कुराहरूको समर्थन गर्नुपर्छ, खराब कुराहरूको विरोध गर्नुपर्छ।

तपाईँहरूको उमेर पुगेपछि तपाईंहरूले मतदान गर्नुपर्ने हुन्छ। मतदान गर्दा बेठीक ठाउँमा, बेठीक तत्वलाई, बेठीक उम्मेद्वारलाई र बेठीक दललाई नजाओस् ताकि त्यसले देशलाई बेठीक दिशामा लैजान नसकोस्। योग्य र सही उम्मेद्वारलाई मतदान होस् भन्ने कुरामा ध्यान पुग्नुपर्छ। तर विद्यार्थीले पढाइ छाडेर राजनीति गर्नुपर्छ म भन्दिनँ। विद्यार्थीले राजनीतिमा रुचि राख्दै गएर भोलि राजनीति पनि गर्नुपर्छ, राजनीतिमा पनि लाग्नु पर्छ, मन्त्री हुनुपर्छ, प्रधानमन्त्री हुनुपर्छ र राष्ट्रपति पनि हुनुपर्छ। अरु को हुन्छ त ? तपाईंहरूमध्ये नै हुनुपर्छ भोलि राष्ट्रपति, तपाईंहरूमध्ये

नै हुनुपर्छ, प्रधानमन्त्री, तपाईंहरूमध्येबाटै मन्त्रीहरू हुनुपर्छ, तपाईहरूमध्ये कै सचिव हुनुपर्छ, तपाईंहरूमध्ये कोही सेनापति हुनुपर्छ, तपाईहरूमध्ये कोही प्रहरी हुनुपर्छ, तपाईंहरूमध्ये कोही चाटर्ड एकाउन्टेन्ट हुनुपर्छ, तपाईंहरूमध्ये कोही वकिल हुनुपर्छ, तपाईंहरूमध्ये कोही डाक्टर हुनुपर्छ, र तपाईंहरूमध्ये कोही इन्जिनियर हुनुपर्छ। सबै चिज हुनुपर्ने तपाईंहरू नै हो, तपाईहरूमध्येबाटै हो, त्यस निम्ति योग्य र तयार बन्नुपर्छ।

तपाईंहरूको रुचि, तपाईंहरूको क्षमता, तपाईंहरूको विशेषता र विषयमा तपाईंहरू नै अगाडि बढ्नुपर्ने हुन्छ। जसको राजनीतितिर अलिक बढी क्षमता छ, त्यो राजनीतितिर जाने, जसको मेडिसिनतिर रुचि छ, त्यो त्यतातिर जाने, जसको इन्जिनियरिङ्मा रुचि छ त्यतातिर जाने तपाईहरू नै हो। तर, राजनीतितिर जानुभन्दा अगाडि राजनीति गर्ने भनेर मात्र हुँदैन, राजनीति गर्दै र सिक्दै जाने कुरा हो। त्यसमा रुचिचाहिँ अवश्य चाहिन्छ।

अहिले आफ्नो पढाइमा बाधा पुऱ्याएर र पढाइ छाडेर तपाईंहरूले राजनीति गर्ने हो त? तपाईंहरू नगरपालिकामा उठ्न पाउनु हुन्न, किनभने उमेर पुग्दैन। तपाईंहरू सांसदमा उठ्न पाउनुहुन्न, उमेरले दिंदैन। तपाईंहरू प्रदेशमा उठ्न पाउनुहुन्न र तपाईंहरू गाउँपालिकामा उठ्न पाउनुहुन्न। अनि राजनीति के गर्नुहुन्छ?

अहिले तपाईंहरूले राजनीति गर्ने होइन, राजनीतिभन्दा पढाइमा केन्द्रित हुने हो। राजनीति बुझ्ने र भोलि आफूलाई कुन क्षेत्रका लागि तयार गर्ने हो, त्यो राम्ररी बुझेर नै त्यस दिशामा अघि बढ्ने हो। त्यसमा कहिले परिस्थितिले पुगिन्छ, कहिले जानेर पुगिन्छ र राजनीतिमा लाग्न रुचि हुनेहरूले राजनीतिमा लाग्दा बुझेर नै लाग्नुपर्छ। तर राजनीति एउटा यस्तो क्षेत्र हो, यसमा जान चाहनेहरूलाई म एउटा आग्रह गर्न चाहन्छु- राजनीतिमा जान चाहनेले म भ्रष्ट हुन्नँ, म भ्रष्टताको बाटो अपनाउन्नँ, म इमानदार राजनीति गर्छु, देश र जनताका लागि काम गर्छु, मेरा दाजुभाइ दिदीबहिनी र आगामी पुस्ताका लागि राम्रो होस् भनेर राजनीति गर्छु भन्ने ठानेर मात्र राजनीतिमा जानुहोला। अरु क्षेत्रमा जस्तो कि, कलाकारितामा जाँदा यति ठूलो सङ्कल्प चाहिदैंन। राजनीतिमा जाँदा, राजनीतिमा गइसकेपछि तपाईंले भोलि राज्यको ढुकुटीमा हात हाल्ने हो। त्यो ढुकुटीभित्र हात हाल्दा तपाईं चोखै निस्कन सक्नुहुन्छ कि सक्नुहुन्न ? समस्या यो हो र यसमा ध्यान दिन सक्नुपर्छ। एउटा भनाइ- मह काढ्नेले हात चाट्छ भन्ने छ। मह काढ्नेले हात चाट्छ, तर राज्यको ढुकुटी चलाउँदा हात चाट्न हुँदैन र मिल्दैन। यो इमान राख्न सक्नेगरी राजनीतिमा जाने सङ्कल्प गर्नुपर्छ।

अहिले देश अलिकति अगाडि बढ्न सकेको भ्रष्टाचार नियन्त्रण गर्न सकेर स्वच्छतातर्फ लैजाान सकेको कारणले पनि हो। किनभने मैले म आफू पनि भ्रष्टचार गर्दिनँ र भ्रष्टाचार गर्न पनि दिन्नँ भन्ने सङ्कल्प लिएको छु। यस सङ्कल्पले परिणाम देखाउन थालेको छ। मैले देश विकास गर्नुपर्छ भनेर दृष्टिकोणहरू दिएको छु, त्यसले परिणाम निकाल्न थालेको छ।

म के भन्छु भने आफू बन्ने कि देश बनाउने? आफन्त हेर्ने कि देश हेर्ने? यो कुरा छुट्याउनु पर्छ। आफन्तलाई च्याप्ने हो भने देश बनाउन सकिदैन। आफन्त च्याप्दा ठीक त हुन्छ, तर योग्य मान्छे अगाडि सार्न सकिदैन। योग्य मान्छेलाई योग्य ठाउँ दिन आफन्तको माया छाड्नु पर्ने हुन्छ। प्रतिस्पर्धा र क्षमतामा भर पर्नुपर्ने हुन्छ। तपाईंहरू अहिले राजनीतिमा लाग्ने होइन, पढाइमा लाग्नुहोस्। पढ्दा आँखा खोलेर लाग्नुहोस्, सामान्य ज्ञान पनि लिनुहोस् र राजनीतिबारे स्पष्ट जानकारी लिनुहोस्। पछि राजनीतिमा लाग्ने वा अरु विभिन्न पेशामा लाग्ने? राम्ररी बुझेर र तयारी गरेर अगाडि बढ्नुहोस्। मेरो सुझाव यही हो।

सम्पूर्णले खान पाएका छन् कि छैनन्, आवास पाएका छन् कि छैनन्, छोराछोरी पढाउन सकेका छन् कि छैनन्, स्वास्थ्य उपचार गर्न सकेका छन् कि छैनन्, आधारभूत मानवीय र जैविक आवश्यकताहरूको परिपूर्ति हुन सकेको छ कि छैन, सुरक्षा प्राप्त गर्न सकेका छन् कि छैनन्? सम्मानित जीवन प्राप्त गर्न सकेका छन् कि छैनन? हामीले यी कुराहरूलाई बढी हेर्नुपर्छ।

१२ हजुरको कार्यकालमा हामी बालबालिकाको हकहितमा के कस्ता कार्यक्रमहरू लागू गर्नुभएको छ? तिनको प्रभावकारिता के कस्तो छ?

– मैले भन्ने गरेको छु– देशको समग्र विकास हुनुपर्छ। लोकतन्त्रलाई राजनीतिक अथवा केही स्वतन्त्रताका हकहरूको प्रयोग मात्रै

लोकतन्त्र ठान्ने वा राजनीतिक प्रणाली वा प्रक्रियालाई मात्रै लोकतन्त्र ठान्ने होइन।

लोकतन्त्र भनेको जनताको शासन हो। जुन शासन जनताबाट सिर्जना हुन्छ र जुन शासनले जनताका निम्ति, जनताका भलाईहरूका निम्ति काम गर्छ। जनताको उन्नति, जनताको प्रगति, जनताको सुरक्षा र जनताको सम्मान नै लोकतन्त्र हो। हामीले यस्तो लोकतन्त्रलाई सम्पूर्ण लोकतन्त्र वा परिपूर्ण लोकतन्त्र (कम्प्रिह्यान्सिभ डेमोक्रेसी) भनेका छौं।

कम्प्रिह्यान्सिभ डेमोक्रेसीका बारेमा मैले धेरै ठाउँमा भन्ने गरेको छु– प्रतिव्यक्ति आयको सरदर हिसाब गरेर वा राष्ट्रिय उत्पादन कति भन्ने हिसाब गरेर मात्रै होइन, सम्पूर्ण जनता सुखी छन् कि छैनन्, सम्पूर्णले खान पाएका छन् कि छैनन्, आवास पाएका छन् कि छैनन्, छोराछोरी पढाउन सकेका छन् कि छैनन्, स्वास्थ्य उपचार गर्न सकेका छन् कि छैनन्, आधारभूत मानवीय र जैविक आवश्यकताहरूको परिपूर्ति हुन सकेको छ कि छैन, सुरक्षा प्राप्त गर्न सकेका छन् कि छैनन् ? सम्मानित जीवन प्राप्त गर्न सकेका छन् कि छैनन् ? हामीले यी कुराहरूलाई बढी हेर्नुपर्छ।

त्यसको लागि पहिले त सबै बालबालिकाहरूले स्कूल जान र पढ्न पाउनु पर्‍यो, ड्रप आउट हुने स्थिति हुनु नै भएन।

अहिले यहाँहरूलाई थाहा छ, जन्मिनुभन्दा अगाडिदेखि सुनौला हजार दिन भन्नेदेखि सरकारले बालबालिकाका लागि पोषण र अरु थुप्रै कार्यक्रमहरू अगाडि सारेको छ। बालमृत्युदर वा जन्मिन नपाइकन मर्ने खालको स्थिति हुन नदिन हामीले दुर्गम ठाउँबाट हेलिकोप्टरमा ल्याएर पनि सुरक्षित प्रजनन् गराउने कामदेखि लिएर हामीले बालबालिकाको स्वास्थ्य, बालबालिकाहरूको शिक्षा र हरेक बालबालिकालाई स्कूल पुर्‍याउने अभियान सञ्चालन गरेका छौं। प्रेरणाका लागि हामीले नै शैक्षिक अभिभाकत्व लिएर पढाउने अभियान सुरु गरेका छौं। हामीले बालबालिकाका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरेका छौं, जो धेरै प्रभावकारी सावित भएका छन्।

हाम्रो देशको शिक्षा क्षेत्रमा, बालबालिका स्कूल पुर्‍याउने सम्बन्धमा, ड्रपआउट कम हुने सन्दर्भमा र बालकहरूको मात्रै होइन, बालिकाहरूको लागि पनि, छोरीहरूको पढाइलाई पनि त्यत्तिकै ध्यान दिने प्रबन्ध मिलाएका छौं। हामीले बालिकाहरूको इन्रोलमेन्ट हेर्‍यौं भने उत्तिकै राम्रो छ। हामी सफलताकासाथ

यस दिशामा अगाडि बढेका छौं। यस सफलतामा हामीलाई युनेस्कोले नै राम्रो भनेको छ। योग्य नागरिक बनाउनका निम्ति बालबालिकाहरूको शिक्षा, स्वास्थ्यजस्ता कुरामा जन्मिनुभन्दा अगाडिदेखि नै हामीले ध्यान दिएका छौं। हस्पिटल लगेर बच्चा जन्माउनेहरूलाई पनि हामीले पुरस्कार र प्रोत्साहनको विषय बनाएका छौं। यसको अर्थ बालबालिकाहरूप्रति हाम्रो जिम्मेवारी, बालबालिकाप्रति हाम्रो स्नेहभाव र अभिभावकत्व यिनै कुराहरूबाट स्पष्ट देखिन्छ। र, यी कार्यक्रमहरू व्यवहारतः अत्यन्त सफल पनि भएका छन्।

बालबालिकाहरू धक मान्ने र लजाउने कुराहरूबाट मुक्त होऊन्। अलिकति इनोभेटेड मात्रै नभएर अलिकति टेक्नोभेटेड पनि हुन सकून्। अनेक हिसाबले प्रतिस्पर्धी क्षमता र प्रविधिमैत्री बनाउने र प्रविधिको प्रयोग गराएर प्रविधिबाट अगाडि जानसक्ने कसरी बनाउने? यस कुरामा सरकारको ध्यान गइरहेको छ।



१३ अहिलेको आधुनिक युगमा हामीजस्ता साना बालबालिकाहरूलाई विश्वमा प्रतिस्पर्धी बनाउनको लागि आधुनिक र प्रविधिमैत्री शिक्षा प्रदान गर्ने विषयमा यहाँको के कस्तो विचार रहेको छ?

प्रश्नका लागि धन्यवाद छ। हामीले नेपाललाई आधुनिक नेपाल बनाउने भनिरहेका छौं। र, त्यस दिशामा अगाडि बढिरहेका

छौं। त्यसअनुसार पूर्वाधार, त्यसैअनुसार सञ्चार र इन्टरनेट आदिको प्रबन्ध पनि गर्दैछौं। विद्यालयहरूमा कम्प्युटर बाँड्ने, विद्यार्थीहरूलाई कम्प्युटरसँग परिचित गराउने, कम्प्युटर र अरु सञ्चार माध्यमको प्रयोगबाट शिक्षा उपलब्ध गराउनेजस्ता कामहरू गरिरहेका छौं। त्यसका निम्ति सबै ठाउँमा तीब्रताका साथ इन्टरनेट सेवा पुऱ्याउने प्रयास गरिराख्वेका छौं। अप्टिकल फाइभरका लाइनहरू बिछ्याउने कामदेखि लिएर फोरजी सेवालाई विस्तार गर्ने कामहरू हामीले गरिरहेका छौं। सञ्चार क्षेत्रमा भएका प्रगतिहरूको गलत ढङ्गले नभएर सही ढङ्गले प्रयोग गर्ने, बालबालिकाको शिक्षाको लागि प्रयोग हुने, सरकारका कामकारबाही वा समाजको काम कारबाहीका लागि सकारात्मक ढङ्गले काम गर्ने प्रयासहरू हामीले गरिरहेका छौं। तसर्थः आधुनिक र प्रविधिमैत्री आजको विज्ञान र प्रविधिसँग जानिएका, खासगरी सञ्चारका माध्यमसँग परिचित, सञ्चारको प्रयोग गर्न जान्ने, आधुनिक प्रविधिसँग परिचित गराउने गरी दुर्गम स्थानमा पनि ध्यान दिइराख्वेका छौं। ती ठाउँहरूलाई पनि आधुनिक प्रविधिसँग जोड्ने र त्यसको प्रयोग गर्नसक्ने सामर्थ्य बालबालिकाहरूमा विकास गर्ने र त्यसनिम्ति योजनाबद्ध ढङ्गले अगाडि बढिरहेका छौं। अब केही वर्षभित्र हामी यो लक्ष्यलाई हासिल गर्न सक्छौं। यसो गरेर नै हामीले प्रतिस्पर्धी बालबालिका, गुणस्तरीय शिक्षा,

प्रतिस्पर्धी शिक्षा र प्रतिस्पर्धी क्षमता बृद्धि गर्ने, अनि उनीहरूलाई सोसल एक्सपोजर दिने एवं उनीहरूको बीचमा इन्टरयाक्सन गराउने र अरु विद्यालयहरू बीच इन्टरयाक्सन गराउने गर्न सक्छौं। बालबालिकाहरू धक मान्ने र लजाउने कुराहरूबाट मुक्त होऊन्। अलिकति इनोभेटेड मात्रै नभएर अलिकति टेक्नोभेटेड पनि हुन सकून्। अनेक हिसाबले प्रतिस्पर्धी क्षमता र प्रविधिमैत्री बनाउने र प्रविधिको प्रयोग गराएर प्रविधिबाट अगाडि जानसक्ने कसरी बनाउने ? यस कुरामा सरकारको ध्यान गइरहेको छ। म यो कुरा यहाँहरूलाई जानकारी गराउन चाहन्छु।

अब केही वर्षभित्र हामी हाम्रो देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्नका लागि आवश्यक पर्ने विद्यालय, शिक्षालय र विश्वविद्यालयहरू आफ्नै देशमा स्थापना र सञ्चालन गर्छौं। र, सबै कुरा हाम्रो देशमा नै उपलब्ध हुने अवस्था सिर्जना हुन्छ।

१४ सम्माननीय प्रधानमन्त्रीज्यू, म कृषा खतिवडा कक्षा १० मा अध्यनरत छात्रा हुँ। हजुरलाई एउटा प्रश्न गर्न चाहन्छु, अहिले नेपालका विश्वविद्यालयहरू विदेशीका लागि जनशक्ति उत्पादन गर्ने उद्योग बनेका छन्। अब केही वर्षमा हामी पनि त्यहीँ पुग्ने हौं कि हामीले देशमा नै केही अवसर प्राप्त गर्नेछौं ?

- मैले सुरुमा भनेको थिएँ, ज्ञानको शुरुवात धर्तीको यस भू-भागबाटै भएको थियो। अर्थात्, यो भू-भाग ज्ञानको शुरुवात भएको भू-भाग हो। पछि आएर यो केही समय पछाडि पऱ्यो।

तर हामीसँग विद्वान पूर्खाको जिन छ, जसबाट हामीले छिट्टै ज्ञान हासिल गर्न सक्छौं। हामीलाई आवश्यक पर्ने आधुनिक विज्ञान, प्रविधि र विभिन्न क्षेत्रका ज्ञानहरू आफ्नै देशमा हासिल गर्ने अवसर र वातावरण आवश्यक हुन्छ। हाम्रा शिक्षालय, विद्यालय, महाविद्यालय र विश्वविद्यालय आवश्यक मात्रामा देशभित्रै स्थापना गर्ने तथा सञ्चालन गर्ने काम हामी गर्छौं। यसरी बाहिर जान नपर्ने गरी प्राविधिक शिक्षा हामीले उपलब्ध गराउने, व्यवसायिक तालीम उपलब्ध गराउने, अनौपचारिक शिक्षा उपलब्ध गराउने र औपचारिक शिक्षाबाट तलैदेखि, बालबालिकालाई जगबाट माथिसम्मै उठाएर लैजाने, सबैलाई शिक्षा, सबैलाई गुणस्तरीय शिक्षा, सबैलाई योग्य नागरिक बनाउने प्रतिस्पर्धी शिक्षा उपलब्ध गराउने योजना सरकारको रहेको छ। र, त्यसैअनुसार नै सरकार अगाडि बढेको छ।

आज देशका कुनाकुनामा विद्यालयहरू छन्। कति विद्यालयहरू सरकारले निकै खर्चालु अवस्थामा पनि सञ्चालन गरेको छ। यसर्थ, म यहाँहरूलाई भन्न चाहन्छु- अब केही वर्षभित्र हामी हाम्रो देशलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्नका लागि आवश्यक पर्ने विद्यालय, शिक्षालय र विश्वविद्यालयहरू आफ्नै देशमा स्थापना र सञ्चालन गर्छौं। र, सबै कुरा हाम्रो देशमा नै उपलब्ध हुने अवस्था सिर्जना हुन्छ।

I believe you must also be happy as I am, today. You must know that I am working for you, for your future and for the future generation to come. My work is entirely focused on your education, health and secure future. I suggest, as I always do, you that 'Honesty is the secret of success.'

१५ अन्त्यमा

Today is the first day of New Year 2020. On this occasion, I would like to express my best wishes to you all.

May this New Year be the year of good health and success.

Of course, you will be successful because you are honest, you study hard, you play honestly, you work decently, and all these will lead you to a success.

On this very occasion, I would like to extend my heartfelt thanks to the organiser Nepal Scout for convening this very special programme Prime Minister with Children, today.

I believe you must also be happy as I am, today. You must know that I am working for you, for your future and for the future generation to come. My work is entirely focused on your education, health and secure future. I suggest, as I always do, you that 'Honesty is the secret of success.' All of us have to work honestly for the interest and the benefit of our nation and the people, particularly for the care of our young generation and the new generation.

●